नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्सा

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
स.प्र.जि.अ ५२-३०४७
०५१-५२४०६६

पत्र संख्या : स्था. प्र.०७६/७७
च.नं. : 3406

मिति : २०७७।०२।२९

श्री गृह मन्त्रालय,
राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाण्डौं ।

विषय : मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ पठाइएको ।

उपरोक्त सम्बन्धमा यस जिल्लाको मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।


77/02/29

ललित कुमार बस्नेत
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्र. जि. अ.

# मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७

# Monsoon Preparedness & Response Plan 2020

Monsoon Preparedness and Response Plan




# जिल्ला विपद् व्यवस्थापन समिति

# विरगंज, पर्सा

प्रथम प्रकाशन मिति : २०७७(२०२०)

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति



फोन : ०५१५२२११०, ९८५५०२०९७७

फ्याक्स : ०५१५२४०६६



सर्वाधिकार : जिल्ला प्रशासन कार्यालय, पर्सा

## शब्द संक्षेप

| | |
|---|---|
| जि वि व्य स | जिल्ला बिपद् व्यवस्थापन समिति |
| जि स स | जिल्ला समन्वय समिति |
| म न पा | महानगरपालिका |
| जि स अ | जिल्ला समन्वय अधिकारी |
| न पा | नगरपालिका |
| गा पा | गाउँपालिका |
| साविक गा वि स | साविक गाउँ विकास समिति |
| जि ज स्वा का | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जि प से का | जिल्ला पशु सेवा कार्यालय |
| ने रे सो | नेपाल रेडक्रस सोसाईटी |
| ने से | नेपाली सेना |
| प्र जि अ | प्रमुख जिल्ला अधिकारी |
| स प्र जि अ | सहायक प्रमुख जिल्ला अधिकारी |
| प्र उ | प्रहरी उपरीक्षक |
| स प्र उ | सशस्त्र प्रहरी उपरीक्षक |
| स प्र ना उ | सशस्त्र प्रहरी नायव उपरीक्षक |

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७

वर्षायाममा बाढी, पहिरो, चट्याङ्ग, हावाहुरी, महामारी जस्ता प्रकोपहरूका कारण यस जिल्लामा प्रत्येक वर्ष जनधनको ठूलो क्षति हुने गरेको छ । यस्तो क्षति न्यूनीकरण गर्न विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी निकायहरूले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई सो अनुसार कार्य गर्न आवश्यक देखिएकोले सरोकारवाला निकायहरूसंगको समन्वय एवं प्राप्त विवरणका आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ तयार गरिएको छ । विपद जोखिम न्यूनीकरण, खोज तथा उद्धार र राहत लगायतका कार्यहरू यसै कार्ययोजना अनुसार हुनेछन् ।

## १. पर्सा जिल्लाको सामान्य जानकारी (Brief Introduction of Parsa District)

प्रदेश नम्बर २ अन्तर्गत पर्ने पर्सा जिल्ला तराई खण्डमा पर्ने नारायणी अंचलको एक जिल्ला हो । केन्द्रिय तथ्यांक विभाग र इसिमोडको नेपालका जिल्लाहरुको विकासको सूचक २००३ अनुसार पर्सा जिल्ला समग्र विकासको सुचकांकमा ५२ औ स्थानमा रहेको छ । यूनिसेफको विपद जोखिम तथ्यांक र वालवालिका सम्वन्धि सूचक २०१२ अनुसार यो जिल्ला विपद जोखिमको संकटासन्नटा र वालवालिकाको अवस्थाको हिसावले उच्च जोखिम जिल्लाको रुपमा रहेको छ। भौगोलिक अवस्थाको दृष्टिकोणले यो जिल्ला समुन्द्री सतहदेखि १२२ देखि ९२५ मिटर सम्मको उचाइमा फैलिएको छ । अक्षांश २७° देखि २७°२६" उत्तर सम्म र देशान्तर ८४°८" देखि ८४°२७" पूर्व सम्म फैलिएको यस जिल्लालाई राजनैतिक हिसावले १० गाउँपालिका, ३ नगरपालिका र १ महानगरपालिकामा विभाजन गरिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १३५३ वर्ग किमि भित्र ५४७३२ हेक्टर कृषि योग्य भूमिमा खेती गरिएको भूमि ५००४६ हेक्टर छ जसको २३५६६.५ हेक्टर सिंचित क्षेत्र छ भने ७७१२४ हेक्टर वन जंगलले ढाकेको क्षेत्र रहेको छ । त्यस्तै चरण क्षेत्र २८५६ हेक्टर हुनुको साथै अन्य क्षेत्र ४२३१ हेक्टर छ । केन्द्रिय तथ्यांक विभागको राष्ट्रिय जनगणना २०११ अनुसार यस जिल्लाको जम्मा घरधुरी संख्या ९५५३६ छ भने ६०१०१७ जनसंख्या रहेको छ जसमा महिलाको संख्या २८८६५९ र पुरुषको संख्या ३१२३५८ छ । जस अनुसार ४ बर्षमुनिका कुल जनसंख्या ६७८४३ मध्ये बालिका ३३५३३ र बालक ३४३१० रहेका छन् । त्यसैगरि ५ देखि ९ बर्ष उमेर समुहका बालबालिकाको जम्मा जनसंख्या ८५४४४ मध्ये बालिका ४१३९० तथा बालक ४४०५४ रहेका छन् । त्यस्तै ६० देखि २४ बर्ष उमेर समुहका जम्मा वृद्ध ३९६६३ मध्ये महिला १८४४८ तथा पुरुष २१२१५ रहेका छन् । अपांगता हुन पुगेका व्यक्तिहरु जम्मा २५३९ जना रहेका छन् । जसमा अन्धोपन तथा कमजोर दृष्टि १७२० जना, भौतिक अपांग २१६५ जना, अन्धा बहिरा १०४ जना र बहु अपाङ्गता ३७७ जनामा समेत अपांगता रहेको तथ्यांकले देखाएको छ । पर्सा जिल्लामा भएर वग्ने १२५ वटा नदीनालाहरुमा मुख्य गरेर भेडहा, तिलावे, सिर्सिया, गंगोल, परसवा खोला, नौका खोला, सुपौली खोला, औरिया, भखरी, नौरंगिया, सिक्टा जस्ता मुख्य नदिहरु रहेका छन् । गंगोल, धुर्तहा जस्ता स-साना नदिहरु चुरे क्षेत्रबाट उत्पन्न भई दक्षिण तर्फ बग्ने गर्छन । यी



प्रमुख जिल्ला अधिकारी

नदीहरुले वर्षेनी धनजनको क्षति गर्ने गरेको पाइन्छ । यहाँ घडीअर्वा पोखरीसँगै ताल तलैयाहरु १०९ वटा रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल १३५३ वर्ग किमि भित्र ५४७३२ हेक्टर कृषी योग्य भूमिमा खेती गरिएको भूमि ५००४६ हेक्टर छ जसको २३५६६.५ हेक्टर सिंचीत क्षेत्र छ भने ७७१२४ हेक्टर वन जंगलले ढाकेको क्षेत्र रहेको छ त्यस्तै चरण क्षेत्र २८५६ हेक्टर हुनुको साथै अन्य क्षेत्र ४२३१ हेक्टर छ ।

पर्सा जिल्लामा विशेष गरेर आगलागी, खडेरी, बाढी, जनावर आतंक, हावाहुरी, जस्ता प्रकोपहरु रहेको र यसले वर्षेनी धेरै धनजनको क्षति गरेको पाइएको छ । भूकम्पको जोखिम पनि यस जिल्लामा उत्तिकै रहेको छ। कमजोर भौतिक संरचना, अव्यवस्थीत शहरिकरण, भूकम्प प्रतिरोधि घर नवनाईनु, यस सम्वन्धि ज्ञानको अभाव आदिका कारण यो जिल्ला भूकम्पको उच्च जोखिममा रहेको छ । जोखिम नक्शा र त्यसबाट लिइएको सूचना अनुसार खडेरीको जोखिममा २८,६०८ घरधुरी र जनसंख्या १७७,८६० रहेको पाइन्छ । जिल्लावासीहरुको प्रमुख पेशा कृषि भएको तर व्यवस्थीत सिंचाई नहुनु साथै पानीको श्रोतको अपरिहार्यता तथा अभावका कारण यहाँ बसोवास गर्ने कृषकहरुको क्रियाकलापमा खडेरी बाधक भई रहेको पाईन्छ । त्यस्तै आगलागीको जोखिममा १२,५८८ घरधुरी र जनसंख्या ७८,७८७ रहेको पाइन्छ । अधिकांश १७,७३५ फुस तथा खरका घरहरु भएको र एकआपसमा जोडिएको कारण, आगलागीको जथाभावी प्रयोग विशेष गरेर आगो वालेर राम्ररी ननिभाई त्यत्तिकै छाड्ने प्रवृती, बच्चाहरुले सजिलै प्राप्त गर्ने तरिकाले आगलागीको सामाग्री राख्ने, आगलागी सम्वन्धि पूर्वतयारी र आवश्यक सामाग्रीको कमी आदिको कारणले यस जिल्ला आगलागीको उच्च जोखिममा रहेको छ । लगभग ६२,८०५ घरधुरीमा खाना पकाउन प्रयोग हुने ईन्धनको रुपमा दाउरा नै भएकोले पनी यहाँ आगोलागीको सम्भावना बढी हुने गरेको छ । त्यस्तै बेलुकाको उज्यालोमा लगभग २२,९५९ घरधुरीले विजुली बत्ती प्रयोग गर्न असमर्थ भई मट्टीतेल प्रयोग गर्नु पनी यहाँ आगोलागी हुनुको कारक वनेको छ । क्षमताको सन्र्दभमा आगलागी सम्वन्धि पूर्वतयारी कम हुनु, अग्नी नियन्त्रक समुदाय स्तरमा तयार नहुनु, आगलागी सम्वन्धि जनचेतनाको कमी आदिले आगलागीको जोखिम बढेको पाइन्छ । शीतलहर दोश्रो ठुलो प्रकोपको रुपमा रहेको छ । घरधुरी र १८५,०१५ जनसंख्या शितलहरबाट हुने जोखिममा रहेका छन् । हिउँदमा हुने शितलहरका कारण बर्षेनी यहाँ कैयौ व्यक्तिहरुको ज्यान जाने गरेको छ । यहाँका बासिन्दाको कमजोर आर्थिक स्थिति शितलहरबाट हुन आउने समस्याको मुल कारक वनेको छ । साथै यस क्षेत्रको व्यवसायीक क्षेत्र पनि रहेको हुँदा वसाई सराई गरि वा कामको खोजीमा आउने मानिसहरु शितलहरबाट जोखिममा हुने गरेका छन् ।बाढी यस जिल्लाको तेश्रो ठुलो प्रकोपको रुपमा रहेको छ । बाढीको जोखिममा पर्सा जिल्लाको १० गाउँपालिकाहरु साथै विरगञ्ज महानगरपालीकाका र पोखरिया नगरपालिका धेरै स्थानहरु संकटासन्न अवस्थामा छन् । त्यसैगरी २४,३६८ घरधुरी १४८,६८६ जनसंख्या १७,५७३ हेक्टर खेतीयोग्य जमिन ६ विद्यालय १ स्वास्थ्य चौकी प्राय जसो खानेपानीको कलहरु बाढीको जोखिममा रहेका छन् । समथर भूभाग चुरे क्षेत्रबाट नजिक हुनु खोला नालाको बहावलाई रोकावट आदिका कारण यो जिल्ला बाढीको जोखिममा बढ्दै गएको पाईन्छ । महामारीको जोखिममा रहेका १७,४०७ घरधुरी र ९८,३८६ जनसंख्या छन् । महामारीको कारक तत्वहरुमा फोहरमैला, अत्याधिक गर्मी, बाढी, शिक्षाको कमी आदि रहेका छन् । यहाँ शौचालय नहुने घरधुरी



प्रमुख जिल्ला अधिकारी

६२,०७६ वटा छन् भने लगभग २१९,०७२ जना लेख्न पढ्न नजान्ने छन् । साथै लामखुट्टे जस्ता किराहरु पनि महामारी गराउन सहयोग पुरयाई रहेका छन् । अधिकांशका घरमा वनेका पानीका कल बर्षाको समयमा बाढीबाट डुब्नाले खानेपानी दुषित हुन गई मानिसहरु बिरामी हुने गरेका छन् ।

**२. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य**

मनसूनको समयमा मानिस पशुपंक्षि र कृषिवालि माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन यस योजनालाई अद्यावधिक गर्नुको मूल उद्देश्य हो । यसका अन्य उद्देश्यहरु

- विपदको सामना गर्ने क्षमतालाई बृद्धि गर्ने र समुदायलाई विपद उत्थानशिल गराउने कार्यमा मद्धत पुर्याउने ।
- विपदको समयमा प्रभावकारी रुपमा मानविय सहायता परिचालन गर्न र सम्बन्धित निकायको जिम्मेवारीलाई प्रष्ट किटान गर्ने ।
- जिल्लामा अवस्थित मानविय सहायतामा संलग्न निकायको पहिचान गर्ने ।
- जिल्ला संभावित विपद व्यवस्थापनको लागि समूहगत समन्वय संयन्त्रको स्थापना गर्ने ।
- विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमबद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तर्राष्ट्रिय गैससहरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्नसक्ने क्षमताको पहिचान गर्न ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

**३. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने आवश्यकताः**

- मनसूनको समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न जिल्लामा उपलब्ध स्रोतसाधन अनुरुप हुने गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने ।
- पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरुसमेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता ल्याउन ।
- विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद् व्यावस्थापनका लागि उपलब्ध श्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न ।
- प्रभावित समुदायलाई प्रकोपको पूर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन दिन ।



प्रमुख जिल्ला अधिकारी

- विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्न।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित गर्न तथा सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको बनाउन ।

## ४. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

मनसूनका कारण उत्पन्न हुने विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका विशिष्ट नतिजा निम्नअनुसार छन् :

- विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुने ।
- विपद्का समयमा आवश्यक पर्ने सहयोगलाई व्यवस्थित गर्न सकिने ।
- विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुने ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुने ।
- क्षेत्रगत रूपमा कामका बा“डफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास हुनेछ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुने ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आकलन हुने ।
- जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुने ।

## ५. विपद् जोखिम विश्लेषण:

### पर्सा जिल्लाको प्रकोपको अवस्था ( Disaster Scenario)

पर्सा जिल्ला चुरे रेन्जको दक्षिणमा अवस्थित तराईको जिल्लाको यसको उत्तरमा चितवन राष्ट्रिय निकुन्ज र पर्सा वन्यजन्तु आरक्ष अनतर्गत पर्ने घना जंगल रहेको छ । यस जिल्लामा लगातार भईरहने विपदहरुमा बाढी,आगलागी,सितलहर मुख्य छन भने अन्य विपदहरुमा सर्पदंस,जंगली जनावर आतंक,खडेरी र डुवान रहेका छन। जलवायु परिवर्तनको असर माथिका सवै प्रकोपहरुमा देखिन्छ । यो जिल्लामा औद्योगिक क्षेत्रहरु पनि प्रसस्त मात्रामा रहेका र रक्सौल अम्लेन्सगंज पेट्रोलियम पाईप लाईनको करिव १८ किलोमिटर भाग पनि यसै जिल्ला अन्तर्गत पर्ने भएकोले रासायनिक प्रकोप र आगलागी रोकथाम तथा नियन्त्रणमा सजग रहनुपर्ने देखिन्छ । हरेक वर्ष लगातार रुपमा हुने विपदमा वाढी नै प्रमुख प्रकोप हो जसबाट वर्षेनी ठुलो मात्रामा धनजनको क्षेति हुने गरेको छ। यस जिल्ला भएर बग्ने तिलावे र सिर्सिया मुख्य दुई नदी प्रणाली हुन् भने यी अन्तर्गतका ४ दर्जन बढी नदीनालाहरु यी दुई नदीमा मिसिने सहायक नदी प्रणालीहरु हुन् । राप्ती नदीमा आउने बाढीले हरेक बर्ष कहिले मानवीय क्षति त कहिले सयौ हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ । २०७६ असार तिलावे



प्रमुख जिल्ला अधिकारी

,सिर्सिया नदी र यस प्रणालीमा मिसिन आउने नदीहरुमा आएको बाढीले यस जिल्लामा ३ जनाको मृत्यु भयो उक्त बाढीबाट २५०० भन्दा बढी घरधुरीहरु प्रभावित भएका छन।

जोखिम अनुसार स्थानहरुको वर्गिकरण

| क्र.स | स्थानहरु | स्थानहरु | बाढी | | सितलहर | | आगलागी | | भुकम्प | | महामारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च |
| १ | विन्दवासिनी गापा | अमरपट्टी | √ | | √ | | √ | | √ | | √ | |
| २ | पटेर्वासुगौलि गापा | औराहा | | √ | √ | | | √ | √ | | √ | |
| ३ | वीरगंज मनपा | बगही | | √ | | √ | √ | | √ | | √ | |
| ४ | पर्सागढी नपा | बागवाना | | √ | √ | | √ | | √ | | √ | |
| ५ | पर्सागढी नपा | बागेश्वरी त्रित्रौना | √ | | | √ | √ | | √ | | √ | |
| ६ | बहुदरमाई नपा | बहुआरी पिडारी | √ | | √ | | | √ | √ | | √ | |
| ७ | | वहुअर्वा भाठ्ठा | | √ | √ | | √ | | √ | | √ | |
| ८ | | बसडीलवा | √ | | √ | | | √ | √ | | √ | |
| ९ | | बेलवा प्रसौनी | | √ | √ | | √ | | √ | | | √ |
| १० | | बैरिया विर्ता | | √ | √ | | √ | | √ | | | √ |
| ११ | | वहिरिया विर्ता | √ | | √ | . | √ | | √ | | | √ |
| १२ | | भेडीहारी | | √ | | √ | | √ | √ | | | √ |
| १३ | छिपहरमाइ | भिस्वा | | √ | | √ | | √ | √ | | | √ |
| १४ | | बिजबनीया | | √ | | √ | √ | | √ | | | √ |
| १५ | | वरन्चीवर्वा | √ | | √ | | | √ | √ | | √ | |
| १६ | | विरगंज महानगरपालीका | √ | | √ | | | √ | | √ | | √ |
| १७ | | बिरुवा गुठी | √ | | √ | | | √ | √ | | | √ |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | | बिश्रामपुर | √ | | √ | | | √ | √ | | | √ |
| १९ | | चोर्नी | √ | | √ | | √ | | √ | | √ | |
| २० | | देउरवाना | √ | | √ | | √ | | √ | | √ | |
| २१ | | धोवीनी | | √ | | √ | | √ | √ | | √ | |
| २२ | | धोरे | √ | | √ | | | √ | √ | | √ | |
| २३ | | गादी | | √ | √ | | √ | | √ | | √ | |
| २४ | | गम्हरीया | √ | | √ | | √ | | √ | | | √ |
| २५ | | घोडदौरा पिपरा | | √ | | √ | √ | | √ | | | √ |
| २६ | | हरिहरपुर नौ.त.ज. | | √ | √ | | | √ | √ | | | √ |
| २७ | | हरिहरपुरविर्ता | | √ | √ | | | √ | √ | | | √ |
| २८ | | हरपुर | √ | | √ | | | √ | √ | | | √ |
| २९ | | जगरनाथपुर | | √ | √ | | √ | | √ | | | √ |
| ३० | | जयमंगलापुर | | √ | √ | | √ | | √ | | | √ |
| ३१ | | जानकीटोला | √ | | | √ | | √ | √ | | | √ |
| ३२ | | जीतपुर | √ | | | √ | √ | | √ | √ | | |
| ३३ | | झौवा गुठी | √ | | | √ | √ | | √ | | | √ |
| ३४ | | कौवा वनकटैया | √ | | √ | | | √ | √ | | √ | |
| ३५ | | लाहावरथकरी | | √ | | √ | √ | | √ | | √ | |
| ३६ | | लखनपुर | √ | | | √ | | √ | √ | | √ | |
| ३७ | | लालपर्सा | | √ | | √ | √ | | √ | | √ | |
| ३८ | | लक्ष्गडी | | √ | √ | | | √ | √ | | √ | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | | मधुवन मथवल | | √ | √ | | √ | | √ | | √ | |
| ४० | | महादेवपट्टी | | √ | √ | | | √ | √ | | √ | |
| ४१ | | महुवन | √ | | √ | | √ | | √ | | √ | |
| ४२ | | मैनपुर (पकाहा) | √ | | √ | | √ | | √ | | √ | |
| ४३ | | मसिहानी | | √ | √ | | √ | | √ | | √ | |
| ४४ | | भिखमपुर | | √ | √ | | | √ | √ | | √ | |
| ४५ | | मिर्जापुर | | √ | √ | | | √ | √ | | √ | |
| ४६ | | मुड्ली | | √ | √ | | √ | | √ | | √ | |
| ४७ | | नगरदाहा | √ | | | √ | √ | | √ | | √ | |
| ४८ | | निचुटा | | √ | √ | | | √ | √ | | √ | |
| ४९ | | निर्मलबस्ती | | √ | √ | | √ | | √ | | √ | |
| ५० | | पचरुखी | √ | | √ | | √ | | √ | | √ | |
| ५१ | | प्रसौनी भाठा | | √ | √ | | √ | | √ | | √ | |
| ५२ | | पिडारीगुठी | | √ | | √ | | √ | √ | | | √ |
| ५३ | | पोखरिया न.पा. | √ | | √ | | √ | | √ | | | √ |
| ५४ | | प्रशुरामपुर | √ | | | √ | | √ | √ | | | √ |
| ५५ | | रामनगरी | √ | | √ | | | √ | √ | | √ | |
| ५६ | | सबैठवा | √ | | √ | | √ | | √ | | √ | |
| ५७ | | सखुवा प्रसौनी | √ | | √ | | √ | | √ | | √ | |
| ५८ | | सम्भौता | | √ | | √ | | √ | √ | | √ | |
| ५९ | | शंकरसरैया | | √ | √ | | | √ | √ | | √ | |
| ६० | | सेढवा | | √ | | √ | √ | | √ | | √ | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | | सोनवर्षा | | √ | √ | | | √ | √ | | √ | |
| ६२ | | सुवर्णपुर | | √ | | √ | √ | | √ | | | √ |
| ६३ | | सुपौली | √ | | √ | | √ | | √ | | | √ |
| ६४ | | सुर्जाहा | √ | | | √ | √ | | √ | | | √ |
| ६५ | | ठोरी | | √ | | | √ | | √ | | | √ |
| ६६ | | तुल्सिवर्वा | | √ | √ | | | √ | √ | | √ | |
| ६७ | | भौराटार | √ | | √ | | √ | | √ | | √ | |

## ६. विपद जोखिम न्यूनीकरण, खोज तथा उद्धार र राहत लगायतका कार्यहरू संचालन गर्ने सम्बन्धी कार्ययोजना :

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय अवधि | कै. |
|---|---|---|---|---|---|
| १ | ➢ जल तथा मौसम विज्ञान विभागको वेभसाईटबाट मौसम सम्बन्धी पूर्व सूचना लिई मुख्य सरोकारवाला र स्थानीय जनसमुदायलाई जानकारी दिने<br>➢ बाढी तथा डुवानको जोखिममा रहेका वस्ती एवं समुदायको पहिचान गरी सुरक्षित रहन प्रचार प्रसार गर्ने | ➢ जिल्ला विपद व्यवस्थापन समिति<br>➢ स्थानीय विपद व्यवस्थापन समिति<br>➢ नेपाल पत्रकार महासंघ जिल्ला शाखा | ➢ जिल्ला आपातकालिन कार्य संचालन केन्द्र<br>➢ सबै राजनीतिक दल<br>➢ पत्रकार एवं संचारकर्मी<br>➢ गैरसरकारी संघ संस्था | मनसुन अवधिभर निरन्तर | |
| २ | ➢ खोज तथा उद्धार कार्यमा खटिन तयारी अवस्थामा रहने | ➢ चण्डी प्रसाद गण, पर्सा<br>➢ जिल्ला प्रहरी कार्यालय, पर्सा<br>➢ सशस्त्र प्रहरी बल नेपाल पर्सा<br>➢ स्थानीय खोज तथा उद्धार समूह | ➢ जिल्ला विपद व्यवस्थापन समिति<br>➢ स्थानीय विपद व्यवस्थापन समिति<br>➢ स्थानीय समुदाय | मनसुर अवधिभर | |
| ३ | ➢ आ-आ ना हेभी इक्वीपमेन्ट आवश्यक पर्नासाथ प्रयोगमा | ➢ सडक डिभिजन कार्यालय,<br>➢ यान्त्रिक कार्यालय, पर्सा | ➢ जिल्ला विपद् व्यवस्थापन समिति | मनसुन अवधिभर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | ल्याउन मिल्ने र सकिने गरी रणनीतिक स्थानमा राख्ने | ➢ सम्बन्धित स्थानीय तह<br>➢ चण्डी प्रसाद गण<br>➢ जिल्ला प्रहरी कार्यालय, पर्सा<br>➢ सशस्त्र प्रहरी बल नेपाल पर्सा | ➢ स्थानीय विपद् व्यवस्थापन समिति<br>➢ सबै राजनीतिक दल<br>➢ स्थानीय समुदाय | | |
| ४ | ➢ बर्षातको समयमा बाढी, पहिरोबाट अवरूद्ध हुन सक्ने संभावित सडक मार्गहरूको पहिचान गरी पूर्वतयारी गर्ने र सडक मार्गमा अवरोध भएमा तत्काल हटाउने | ➢ सडक डिभिजन कार्यालय<br>➢ विभिन्न सडकसँग सम्वन्धित निकायहरू<br>➢ सबै स्थानीय तह<br>➢ सम्बन्धित सडक, पुल निर्माणमा काम गरिरहेका तथा अन्य निर्माण व्यवसायीहरू | ➢ चण्डी प्रसाद गण<br>➢ जिल्ला प्रहरी कार्यालय, पर्सा<br>➢ सशस्त्र प्रहरी बल नेपाल पर्सा<br>➢ निजी क्षेत्र | मनसुन अवधिभर | |
| ५ | ➢ खानेपानीसंग सम्बन्धित सिर्जना हुन सक्ने समस्याको अनुमान गरी यथाशिघ्र व्यवस्थापन गर्ने | ➢ सम्बन्धित खानेपानी उपभोक्त समिति<br>➢ सम्बन्धित वडा कार्यालय<br>➢ जिल्ला स्वास्थ्य कार्यालय | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ सम्बन्धित स्थानीय तह<br>➢ सुरक्षा निकाय | निरन्तर | |
| ६ | ➢ वर्षातको समयमा हुन सक्ने स्वास्थ्यजन्य समस्या, रोग एवं महामारी जन्य प्रकोपको पूर्वानुमान गर्ने, रोकथामका लागि प्रचार प्रसार गर्ने, औषधि उपचारको व्यवस्था मिलाउने<br>➢ महामारी फैलिन नदिन र स्वास्थ्य सेवा प्रवाह गर्न सतर्कता अपनाउदै जनशक्ति, औषधि / औजारको आवश्यक मौज्दात राख्ने लगायत तयारी अवस्थामा रहने | ➢ जिल्ला स्वास्थ्य कार्यालय<br>➢ नारायणी अस्पताल लगायत सबै स्वास्थ्य केन्द्रहरू<br>➢ सबै स्थानीय तह | ➢ चण्डी प्रसाद गण<br>➢ जिल्ला प्रहरी कार्यालय, पर्सा<br>➢ सशस्त्र प्रहरी बल नेपाल पर्सा<br>➢ श्रोत र साधन हुने निजी क्षेत्र<br>➢ गैरसरकारी संस्थाहरू | निरन्तर | |
| ७ | ➢ राहत सामाग्रीहरूको स्थानीयस्तरमा भण्डारण गर्ने, | ➢ जिल्ला विपद व्यवस्थापन समिति | ➢ बीरगंज उद्योग वाणिज्य सँघ<br>➢ सबै स्थानीय तह | मनसुन अवधिभर | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | भण्डारणको अनुगमन गर्ने | ➢ स्थानीय विपद व्यवस्थापन समिति<br>➢ नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, पर्सा | | | |
| ८ | ➢ स्थानीय विपद व्यवस्थापन समितिहरूलाई क्रियाशील बनाउने र विपद व्यवस्थापन कोषहरूमा न्यूनतम रकम राख्ने | ➢ जिल्ला विपद व्यवस्थापन समिति<br>➢ स्थानीय विपद व्यवस्थापन समिति | ➢ नेपाल सरकार<br>➢ प्रदेश सरकार<br>➢ स्थानीय सरकार<br>➢ गैरसरकारी संघ संस्था एवं दातृ निकायहरू<br>➢ निजी क्षेत्र | निरन्तर | |
| ९ | ➢ सुरक्षा निकाय तैनाथी अवस्थामा रहने | ➢ चण्डी प्रसाद गण, पर्सा<br>➢ जिल्ला प्रहरी कार्यालय, पर्सा<br>➢ सशस्त्र प्रहरी बल नेपाल पर्सा | ➢ नेपाली सेना<br>➢ नेपाल प्रहरी<br>➢ सशस्त्र प्रहरी बल | निरन्तर | |
| १० | ➢ स्थानीय स्वयंसेवकहरूको गठन र परिचालन | ➢ स्थानीय विपद व्यवस्थापन समिति | ➢ सबै राजनैतिक दल<br>➢ स्थानीय समुदाय | निरन्तर | |
| ११ | ➢ नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाले राहत सामाग्रीहरूको भण्डारण, जनशक्ति परिचालन सहित तयार गरेको कार्ययोजना समन्वयात्मक रुपले कार्यान्वयन गर्ने | ➢ नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, पर्सा | ➢ जिल्ला विपद व्यवस्थापन समिति<br>➢ स्थानीय विपद व्यवस्थापन समिति<br>➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरू | निरन्तर | |

## ६. जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूको सम्पर्क नं.

| सि.नं | नाम थर | पद | पदाधिकारी सम्पर्क नं | |
|---|---|---|---|---|
| १ | श्री विष्णु कुमार कार्की | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष | ९८५५०७७७७७ |
| २ | नेक महम्मद अन्सारी | प्रमुख, जिल्ला समन्वय समिति | सदस्य | ९८४५०२२०७३ |
| ३ | श्री बिजय कुमार सरावगी | नगर प्रमुख बीरगंज महानगरपालिका | सदस्य | ९८५५०२१०८८ |
| ४ | श्री दिपनारायण रौनियार | नगर प्रमुख पोखरिया नगरपालिका | सदस्य | ९८५५०३७००३ |
| ५ | श्री नितेन्द्र प्रसाद साह तेली | नगर प्रमुख बहुदरमाई नगरपालिका | सदस्य | ९८५५०२००२१ |
| ६ | श्री लोकनारायण यादव | नगर प्रमुख पर्सागढी नगरपालिका | सदस्य | ९८५५०४१२२९ |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री नथुनी प्रसाद | अध्यक्ष कालिकामाई गाउँपालिका | सदस्य | ९८५५०१११०७ |
| ८ | श्री मनोज कुमार गुप्ता | अध्यक्ष छिपहरामाई गाउँपालिका | सदस्य | ९८५५०३६०८४ |
| ९ | श्री जालिमा मियाँ मंसुर | अध्यक्ष जगरनाथपुर गाउँपालिका | सदस्य | ९८५५०२२५०९ |
| १० | श्री रामपृत महतो | अध्यक्ष जिराभवानी गाउँपालिका | सदस्य | ९८४५०३९६३४ |
| ११ | श्री पदमलाल श्रेष्ठ | अध्यक्ष ठोरी गाउँपालिका | सदस्य | ९८५५०३८०६३ |
| १२ | श्री सुरेश प्रसाद कुर्मी | अध्यक्ष धोबिनी गाउँपालिका | सदस्य | ९८०७१२११६४ |
| १३ | श्री विजय कुमार चौरसिया | अध्यक्ष पकहाँ मैनपुर गाउँपालिका | सदस्य | ९८५५०४४८०० |
| १४ | श्री हरिनारायण चौधरी | अध्यक्ष पटेर्वा सुगौली गाउँपालिका | सदस्य | ९८५५०१४३३३ |
| १५ | श्री श्रीलाल साह | अध्यक्ष विन्दावासिनी गाउँपालिका | सदस्य | ९८५५०३८९८० |
| १६ | श्री प्रदिप कुमार जैशवाल | अध्यक्ष सखुवा प्रसौनी गाउँपालिका | सदस्य | ९८५५०२५१५१ |
| | श्री | जिल्ला समन्वय समिति अधिकारी | सदस्य | ९८५५०८८२२२ |
| १७ | श्री कामेश्वर प्रसाद चौरसिया | जिल्ला जनस्वास्थ्य कार्यालय,पर्सा | सदस्य | ९८५५०३२००७ |
| १८ | श्री मदन जंग राणा | प्रमुख सेनानी चंडी प्रसाद गण | सदस्य | ९८५५०१६४४४ |
| १९ | श्री गंगा पन्त | प्र.उ. जिल्ला प्रहरी कार्यालय,पर्सा | सदस्य | ९८५५०७५५५५ |
| २० | श्री दिपेन्द्र कुवँर | स.प्र.उ. सशस्त्र प्रहरी बल नेपाल गण हे.क्वा नं १३ | सदस्य | ९८५१२२७१११ |
| २१ | श्री कुमार खड्का | उप-अनु निर्देशक रा.अ.जि.का.,पर्सा | सदस्य | ९८४१५०८२७८ |
| २२ | श्री | कार्यालय प्रमुख डिभिजन सडक कार्यालय,पर्सा | सदस्य | |
| २३ | श्री रञ्जन कुमार दास | कार्यालय प्रमुख सघन शहरी तथा भवन निर्माण आयोजना,पर्सा | सदस्य | ९८५५०३७२१५ |
| २४ | श्री कामेश्वर यादव | भुमिगत जलश्रोत तथा सिचाई विकास डिभिजन पर्सा | सदस्य | ९८५५०२३६९८ |
| २५ | श्री मदन कुमार | मे.सु. नारायणी अस्पताल बीरगंज | सदस्य | ९८५५०७७२५० |
| २६ | श्री नरनाथ अधिकारी | कार्यालय प्रमुख खादय व्यवस्था तथा व्यपार कम्पनी लि. पर्सा | सदस्य | ९८४९०८१९८९ |
| २७ | श्री शम्भु कुसियैत यादव | कार्यालय प्रमुख नेपाल विद्युत कार्यालय,पर्सा | सदस्य | ९८४१४००४५४ |
| २८ | श्री दक्ष बहादुर श्रेष्ठ | कार्यालय प्रमुख जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ पर्सा | सदस्य | ९८५५०२१७४८ |
| २९ | श्री डा. रामचन्द्र यादव | कार्यालय प्रमुख कृषि ज्ञान केन्द्र, पर्सा | सदस्य | ९८५५०३६८११ |
| ३० | श्री राजेश्वर मान श्रेष्ठ | कार्यालय प्रमुख डिभिजन वन कार्यालय,पर्सा | सदस्य | ९८५५०२७७०० |
| ३१ | श्री रामकैलाश पाण्डेय | कार्यालय प्रमुख नेपाल टेलिकम,पर्सा | सदस्य | ९८५७०६०३३० |
| ३२ | श्री प्रभु हजरा | जिल्ला अध्यक्ष,नेकपा | सदस्य | ९८५५०२२७२१ |
| ३३ | श्री अजय कुमार दिवेदी | जिल्ला सभापति, नेपाली कांग्रेस | सदस्य | ९८४१३६३१४४ |
| ३४ | श्री जगदिश पटेल | जिल्ला अध्यक्ष, रा.ज.पा. | सदस्य | ९८६५०८१०२३ |
| ३५ | श्री रामनरेश यादव | जिल्ला अध्यक्ष , समाजवादी पार्टी | सदस्य | ९८५५०२०४३० |
| ३६ | श्री गोपाल केडीया | अध्यक्ष उद्योग बाणिज्य संघ, पर्सा | सदस्य | ९८४५१३१२३८ |
| ३७ | श्री श्याम बन्जारा | अध्यक्ष पत्रकार महासंघ, पर्सा | सदस्य | ९८४५०२५२७१ |
| ३८ | श्री विरेन्द्र राज कडेल | सभापति नेपाल रेडक्रस सोसाईटी, पर्सा | सदस्य | ९८५५०२६६३८ |
| ३९ | श्री ललित कुमार बस्नेत | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा | सदस्य-सचिव | ९८५१२४२१५५ |

प्रमुख जिल्ला अधिकारी